सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १३३ | वि.सं. २०७९ मंसिर २७ गते मंगलबार | 13, 2022 Tuesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# रोकिएका जुनसुकै कार्यालयका योजना तत्काल अगाडि बढाउन मेयर सिंहको निर्देशन

वीरगंज। वीरगंज महानगर क्षेत्रभित्र विभिन्न निकाय र कार्यालयद्वारा लगाईएका ठेक्काहरुका योजनाको निर्माण कार्य तत्काल सुचारु गर्न महानगर प्रमुख राजेशमान सिंहले निर्देशन दिनुभएको छ।

आज महानगरमा सघन शहरी विकास आयोजना, सिचाई विकास डिभिजन, नारायणी सिँचाई व्यवस्थापन कार्यालय, स्वच्छन्द, युनाईटेड, विकास एण्ड ब्रदर्स र पप्पु कन्सट्रक्सनका प्रतिनिधि, वडा अध्यक्षहरु तथा महानगरका प्राविधिकहरु सहभागि भएको बैठकमा



प्रमुख सिंहले यस्तो निर्देशन दिनुभएको हो।

ठेक्का सकार गरेर वर्षौंसम्म काम नगर्ने परिपाटी अब महानगरमा चल्दैन भन्दै सिंहले भन्नुभयो काम शुरु गरेपछि समयमै सम्पन्न हुनुपर्छ। ठेकेदारले ठेक्का सकार गर्ने र मोबीलाईजेशन बापतको रकम भुक्तानी लिएपछि वर्षौंसम्म काम नगर्ने परिपाटीले नागरिकले दुख पाउँदै आएका छन्।

एक महिना भित्रमा ठेकेदारले सन्तोषजनक कार्य प्रगति नदेखाएमा कानुन बमोजिम कारवाहि गरिने उहाँले चेतावनी दिनुभयो।

खासगरी पप्पु कन्सट्रक्सनले धेरै ठेक्काहरुमा जनतालाई दुख दिएको भन्दै प्रमुख सिंहले अबपनि पप्पुले आफ्नो जिम्मेवारी पुरा नगरे नगरवासीलाई लिएर उनको घर घेर्ने चेतावनी दिनुभयो।

बाँकी तेश्रो पृष्ठमा

# २ नेपाली महिलालाई दुबईमा बेचिन क्रममा पक्राउ



वीरगंज। चितवनबाट एक महिलालाई बोलाएर भारतको जयपुर विमानस्थलस्थित टर्मीनल २ बाट ०९४० उडान एस जि ५७ मार्फत दुबई उडाउते तयारी अन्तिम चरणमा थियो।त्यतिखेरै ति महिलाले आफुलाई फसाएर विदेश लैजान लागेको थाहा पाएपछि शौच जाने बहानामा परिवारलाई ह्वाट्सएपमा कुरा गरेर आफुलाई बचाउन आग्रह गरिन्। भारतीय प्रहरीका अनुसार उनले परिवारसँग भनेकी थिइन्, मलाई बचाउनुहोस्, मलाई फसाइयो, धम्की दिएर विदेश लग्न लागिएको छ, मलाई हिन्दी भाषा आउँदैन, कहाँ कोसँग सहयोग माग्ने केही थाहा छैन।

ति महिलाका परिवारले नेपाल प्रहरीलाई खबर गरे। त्यसलगत्तै नेपाल प्रहरी भारतीय प्रहरीका प्रहरी निरीक्षक (इन्स्पेक्टर) मनोज कुमार शर्मालाई महिलाको उद्धारका लागि आग्रह गरे।

बाँकी तेश्रो पृष्ठमा

# परिवर्तनका लागि राजनीतिक समूहले नारायणी अस्पताल पुगेर गरायो ध्यानाकर्षण



**वीरगञ्ज, २६ मंसिर।** परिवर्तनको लागि राजनीतिक समूहले सोमबार नारायणी अस्पतालमा पुगेर त्यहा बिरामी र सेवाग्राहीले खेप्दै आएका समस्याहरू बारे अस्पताल व्यवस्थापन पक्षको ध्यानाकर्षण गराएको छ।

विभिन्न राजानीति दल र स्वतन्त्र युवाहरु सम्मिलित परिवर्तनका लागि राजनीतिक समूहले सोमबार अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. खालिद हसनलाई भेटेर अस्पतालमा विद्यमान समस्या तथा बिरामी र सेवाग्राहीले भोग्दै आएका समस्या बारे ध्यानाकर्षण गराउदै सेवा सहज र प्रभावकारी बनाउन आग्रह गराएको हो।

अस्पतालमा डाक्टरहरु समयमा नआउने, ल्याब पूर्णरुपले सञ्चालन नहुने, अस्पतालमा सरसफाइमा लापरवाही हुनेलगायतका समस्या बारे ध्यानाकर्षण गराइएको समूहका सदस्य मुकेश द्विवेदीले बताए। परिवर्तनका लागि राजनीति समूह बैचारिक क्रान्तिको लागि रहेकोले नारायणी अस्पतालको सम्पूर्ण बेतिथीलाई सम्बन्धित निकायसम्म पुगेर समस्या समाधान गराउन प्रतिबद्ध

बाँकी तेश्रो पृष्ठमा

# समानुपातिकमा सिटभन्दा बढीको नाम सिफारिस भएपछि जसपामा भाँडभैलो




**वीरगञ्ज, २६ मंसिर।** जनता समाजवादी पार्टी, नेपालले मधेस प्रदेशमा समानुपातिकमा पाएको

बाँकी तेश्रो पृष्ठमा

# निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारण विधि विपरित छ : एनप्याब्सन पर्सा

**वीरगञ्ज, २६ मंसिर।** वीरगञ्ज महानगरपालिकाले गरेको निजी विद्यालयको वर्गीकरणप्रति नेशनल प्याबसन पर्साले आपत्ती जनाएको छ। वीरगञ्ज महानगरपालिकाको नियमावलीविपरित निजी विद्यालय वर्गीकरण र शूल्क निर्धारण गरेको भन्दै राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन नेपाल (एनप्याब्सन) पर्साले आपत्ती जनाएको हो।

एनप्याब्सन पर्साका अध्यक्ष रामकुमार श्रेष्ठका अनुसार निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारण व्यावहारिक छैन। संघिय तथा प्रदेश कानुनले तोक बमोजिम शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अघि आˆ नो विद्यालयको शूल्क खुलाई आउने शैक्षिक सत्रका निम्ती शिक्षा शाखामा प्रस्तावित पेश गर्नुपर्ने व्यवस्था




नियमावलीको दफा नम्बर ९७ को (क) मा उल्लेछ।

आउने शैक्षिक सत्रको निम्ति शूल्क निर्धारण हुनुपर्नेमा १ जेष्ठ २०७९ देखि लागु हुने भनेर निर्णय गर्नुलाई अध्यक्ष श्रेष्ठ तर्कसंगत देख्दैनन्। उनी भन्छन्, 'विद्यालयले शूल्क उठाएर तिर्नुपर्ने शीर्षकमा आय व्यव बनाई कर तिरीसकेको अवस्थामा अब महानगरले निर्धारण गरेको शूल्क कसरी कार्यन्वयन गर्न सकिन्छ ? यसले विद्यालयमा झनै द्वन्द निम्त्याउन सक्छ'

नियम ९७ (ख) अनुसार संस्थागत विद्यालयको प्रतिनिधिमुलक संस्थामध्येबाट एक जना सदस्य रहने व्यवस्था भएपनि महानगरले बनाएको समितिभित्र एनप्याब्सन र प्याब्सनको प्रतिनिधित्व नहुनुले नियमसंगत नदेखिएको अध्यक्ष श्रेष्ठको ठम्याइ छ। अहिले महानगरले गरेको निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारण विधि र नियमविपरित रहेको ठहर गर्दै अध्यक्ष श्रेष्ठले पुनः प्रक्रियागत ढंगले वर्गीकरण र आगामी शैक्षिक सत्रका लागि शूल्क निर्धारण गर्नुपर्ने माग गरेको छ।



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# पढाकु प्राध्यापक खोइ ?

**उज्ज्वल प्रसाई**

नेपालका विश्वविद्यालय परिवर्तन गर्ने हो भने, आवश्यक संख्याको आधाजति शिक्षक नेपालबाहिरबाट ल्याउनुपर्छ । विदेशी प्राध्यापकका लागि यहाँ ठाउँ बनाउनुपर्छ ।' यो भनाइ त्रिभुवन विश्वविद्यालयमा दशकौंदेखि प्राध्यापन गरिरहेका समाजशास्त्री चैतन्य मिश्रको हो । गत साता मार्टिन चौतारीको एउटा कार्यक्रममा बोल्दै प्राध्यापक मिश्रले नेपालको उच्च शिक्षा सुधार्ने केही सूत्र अघि सारेका थिए ।

तिनैमध्येको एउटा महत्त्वपूर्ण सूत्रका रूपमा उनले विदेशी प्राध्यापकको खाँचो औंल्याएका हुन् । मिश्रोक्तिबारे थप टिप्पणी गर्नुअघि भारतको एउटा विश्वविद्यालयको अनुभव हेरौं ।

कथा पश्चिम बंगालको शान्ति निकेतनस्थित विश्वभारती विश्वविद्यालयको हो । स्थापना भएको सालदेखि चार दशकसम्मको इतिहास खोजेर हालसालै किताब लेखेकी छन्, सोही विश्वविद्यालयकी प्राध्यापक स्वाती गाङ्गुलीले । 'टैगोर्स युनिभर्सिटी : अ हिस्ट्री अफ विश्व-भारती, १९२१-१९६१' शीर्षक यस इतिहासमा ज्ञानोद्यमका उच्च आदर्श र मूल्यका आधारमा रवीन्द्रनाथ टैगोरले गरेका अथक प्रयत्नको सिलसिलेवार कथा भनिएको छ जसमा वर्णित केही रोचक घटना सुनेपछि नेपालका विश्वविद्यालय सुधार्न प्राध्यापक मिश्रले किन त्यस्तो सूत्र अघि सारेछन् भनेर बुझ्न सहज होला ।

जर्मनीमा नाजीको जगजगी थियो, क्याम्ब्रिज विश्वविद्यालयमा पढिरहेका जर्मन नागरिक अलेक्स अरोन्सन चिन्तातुर थिए । हिटलरले यहुदीमाथि गरेका क्रूरतम दमनहरूबारे सुनेर यहुदी अरोन्सनले कसरी सन्तोष मानून् ? त्यस्तो उद्विग्न मनोदशामै भएका बेला ११ फेब्रुअरी १९३७ मा अरोन्सनको भेट एक चिनियाँ नागरिकसँग भयो । ती चिनियाँले भारतको शान्ति निकेतनका कथा हाल्दै भने, 'त्यहाँ स्वर्ग पुनर्प्राप्त भएको छ, एक भव्य नयाँ संसार ।'

भारतको एउटा कुनामा स्थापित नयाँ ज्ञानशालाको कथा सुनेर हौसिएका अरोन्सनले शान्ति निकेतनका संस्थापक रवीन्द्रनाथ टैगोरलाई चिठी लेखे, अध्यापन अवसरको खोजी गर्दै । केही दिनपछि सकारात्मक जवाफ आयो । त्यसैबीच अरोन्सनले शान्ति निकेतनसँग नजिक रहेका अमिया चक्रवर्ती र सीएफ एन्ड्र्युजसँग लन्डनमा भेटे ।

टैगोरले शान्ति निकेतनमा स्थापना गरेको विश्वविद्यालयका उच्च आदर्शबारे यी दुवैले अरोन्सनलाई बताएनन्, नत्र ती आदर्शको भव्यताबाट वशीभूत भएर उनी अवसर छोप्न तुरुन्त नकुद्न पनि सक्थे ।

७ नोभेम्बर १९३७ मा शान्ति निकेतन आइपुगेका अरोन्सनले अंग्रेजी साहित्य र जर्मन भाषा पढाउन थाले । बंगाली भाषामा पकड नभएकाले उनी सोचेजसरी त्यहाँ भिज्न सकेनन्, तर आफ्नो काममा खरो उत्रिए ।

शान्ति निकेतनको माहोलसँग थोरै दूरीमा रहे पनि, त्यहाँ हुर्कंदै गरेका प्रतिभासँग उनको घनीभूत सम्बन्ध स्थापित भयो ।

स्नातक तहमा अध्यापन गर्ने उनका विलियम शेक्सपियरबारेका कक्षाको उँचो प्रशंसा गर्दै उस बेलाका विद्यार्थीले आफ्ना संस्मरणमा उल्लेख गरेका छन् ।

अरोन्सन र चर्चित सिनेमा निर्देशक सत्यजित रेको भेट पनि शान्ति निकेतनमै भयो । विश्वभारतीमा कलाका विद्यार्थी रे र शिक्षक अरोन्सनको साझा रुचि भने पश्चिमा संगीत थियो । यी दुईले मोजार्टका धुन सुनेर कैयौं साँझ सँगै बिताए । अरोन्सन र टैगोरका छोरा एवं सोही विश्वविद्यालयका शिक्षक रथीन्द्रनाथबीच पनि उत्तिकै गाढा सम्बन्ध स्थापित भयो । रथीन्द्र कुशल कलाकार र कृषि-अर्थतन्त्रका विज्ञ थिए, कालान्तरमा उनी सो विश्वविद्यालयले सरकारी मान्यता प्राप्त गरेपछिको पहिलो उपकुलपति बने ।

अरोन्सन आफैं विश्वभारती आइपुगे, अर्का फ्रान्सेली अनुसन्धाता तथा विद्वान् सिल्भाँ लेभीलाई भने टैगोरले नै निम्त्याए । पेरिस विश्वविद्यालयमा ६ वर्षसम्म संस्कृत भाषासाहित्य पढेका लेभीले 'द इन्डियन थिएटर' विषयमा विद्यावारिधि गरेका थिए ।

बौद्ध शिक्षा अध्ययन गर्न उनले चिनियाँ र तिब्बती भाषामा पनि पकड बनाइसकेका थिए । साथै, सन् १८९४ देखि अध्यापन पनि गर्न थालेका उनी कुशल प्राध्यापकका रूपमा चिनिएका थिए । ज्ञानोद्यममा लेभीको प्रमाणित मेधाबाट प्रभावित टैगोरले उनलाई 'भिजिटिङ प्रोफेसर' का रूपमा आइदिन आग्रह गरे ।

लेभीलाई सोही समयमा प्रतिष्ठित हार्वर्ड विश्वविद्यालयले पनि बोलाएको थियो, जसलाई नकार्दै विश्वभारती आउन मन्जुर हुनु आफैंमा रोचक थियो । टैगोरको व्यक्तित्व, सृजनात्मकता र शिक्षाबारेका अवधारणाबाट प्रभावित भएरै लेभी बंगाल आइपुगेका थिए । नोभेम्बर १९२१ मा शान्ति निकेतन आइपुगेलगत्तै लेभीले संस्कृत र बौद्ध शिक्षाबारे कक्षा सञ्चालन गर्न थाले । अन्य शिक्षक र श्रीलंकाबाट अध्ययनार्थ आइपुगेका भिक्षुहरू पनि उनका नियमित विद्यार्थी थिए । सोही क्रममा लेभीको नेतृत्वमा विश्वभारतीमा इन्डोलोजी विभाग सुरु गरियो ।

कोर्नेल विश्वविद्यालयमा कृषि विज्ञान पढेका लियोनार्ड नाइट एल्महर्स्टजस्ता युरोपेली तन्नेरी होऊन् वा भियनाको कला इतिहासमा पारंगत स्टेला क्रामरिस्च, टैगोरको आग्रह स्विकारेर विश्वभारतीमा काम गर्न लेभीजस्तै आइपुगेका थिए ।

एल्महर्स्टले आफ्नो कौशल उपयोग गरेर सुरुल गाउँमा कृषि अभियान मात्रै सुरु गरेनन्, त्यसलाई द्रुत बनाउन एक अमेरिकी धनाढ्य डोरोथी स्ट्रेटमार्फत उल्लेख्य आर्थिक सहयोग पनि जुटाए । टैगोरको अनुरोधमा क्रामरिस्चले भने विश्वभारतीका विद्यार्थीलाई समग्र युरोपेली कलाको इतिहासबारे शृंखलाबद्ध प्रवचन दिइन् ।

युरोपेली र अमेरिकी मात्रै होइन, चिनियाँ विद्वान्देखि मणिपुरी कलाकारसम्मको खोजी गरेर विश्वभारतीलाई व्यापक र गहन ज्ञानशालाका रूपमा स्थापित गर्न टैगोर कटिबद्ध थिए ।

राज्य तहमा भारत-चीन सम्बन्ध बरफिलो बन्दासम्म बौद्धिक विनिमय बेरोकटोक चलिरहने अवस्था बनेको थियो विश्वभारतीमा । बर्मामा रहेका चिनियाँ विद्वान् लिन डो-चियाङलाई टैगोर आफैंले भेटेर 'चाइनिज स्टडिज' स्थापना गरिदिन आग्रह गरेका थिए । सन् १९३७ मा चिना भवन नामक चिनियाँ भाषा, इतिहास, संस्कृति अध्ययन गर्ने विभाग पनि सुरु गरिएको थियो । डा. लिनले चिनियाँ कविता, आख्यान र भाषाशास्त्रका कोर्स बनाएर अध्यापन गराएका थिए ।

कहिले टैगोरले आफैं निम्त्याएर, कहिले ठाउँ-ठाउँ चहारेर र कहिले भने अरोन्सन जस्ताको चिठी पाएर, अनेक ठाउँका अनेक विषयका विज्ञ प्राध्यापकहरू विश्वभारतीमा भेला गराइएका थिए ।

त्यसरी अनेकतिरबाट विविध विज्ञता, रुचि र सामर्थ्य भएका मानिस भेला हुनु भनेको भारत र विश्वको संवाद स्थापना हुनु हो भन्ने टैगोरले बुझेका थिए । भारतका विद्वान्मा मात्र भर पर्न खोज्दा यति विघ्न विविधतापूर्ण ज्ञानकर्मी भेला गर्न सम्भव थिएन ।

अध्यापनको क्षेत्र फराकिलो बनाउन भारतका पढालेखा नागरिक मात्रले पुग्दैन थियो । त्यसो त विश्वविद्यालयमा आवश्यक पर्ने सांस्कृतिक विनिमयका लागि पनि

बाँकी तेस्रो पृष्ठमा

# टाउकाले टेक्ने कि खुट्टाले ?

**केशव दाहाल**

प्रश्नैप्रश्न

कस्तो सरकार, कस्तो प्रतिपक्ष ? अथवा, कस्तो संसदीय राजनीति ? चक्रवातझैं घुमीफिरी यी प्रश्न फेरि हाम्रो सामुन्ने आएका छन् । सँगै अरू जिज्ञासा पनि प्रकट छन्- नयाँ पार्टीहरू कता बस्लान् ? सरकारमा बस्लान् कि प्रतिपक्षमा ? दायाँ बस्लान् कि बायाँ ? यी प्रश्नसँग जोडिएर अरू पनि प्रश्नहरू आउँछन् ।

जस्तो- पार्टीहरू पुरानै गठबन्धनमा उभिएलान् कि नयाँ गठबन्धन बनाउलान् ? सरकार र प्रतिपक्षको पहलु अंकगणितबाट हल होला कि राजनीतिक दृष्टिकोणबाट ? निश्चय नै संसद्मा अंकगणित हुन्छ, तर जोडघटाउ गर्ने सूत्र के होला ? सत्तास्वार्थ कि वैचारिक पक्षधरता ? यद्यपि प्रश्न यो होइन कि यो पटक संसद्मा कुन सूत्र प्रभावशाली होला ? प्रश्न हो, अबको राजनीति (संसदीय) कस्तो हुनुपर्छ ? अथवा, प्रश्न यो होइन कि आगामी सत्ता गठबन्धन कस्तो होला ? प्रश्न हो, अबको गठबन्धन कस्तो हुनुपर्छ ?

खुट्टाले टेक

मार्क्सवादी दर्शनशास्त्रको अध्ययन गर्दा टाउको र खुट्टाको बडो रोचक सन्दर्भ आउँछ । आफ्नो दार्शनिक अभिमत 'द्वन्द्ववाद' बारे बुझाउँदै कार्ल मार्क्स भन्छन्, 'मैले खासै धेरै नयाँ केही गरेको होइन । मात्र टाउकाले टेकेर उभिएको हेगेलको दर्शनलाई खुट्टाले टेकाएको हुँ ।' अर्थात्, दर्शनशास्त्रका क्षेत्रमा विषयलाई सुल्टो बनाउने प्रसंगमा आउँछ, टाउको र खुट्टाको यो विम्ब । ठ्याक्कै यस्तै, नेपाली राजनीतिको पछिल्लो परिदृश्य नियाल्दा देखिन्छ, हाम्रो राजनीति यो बेला टाउकाले टेकेर हिँड्दै छ । अर्थात्, हिँड्दै छ उल्टो बाटो । जहाँ सिद्धान्तका सूत्रहरू भत्किएका छन् । दलहरूले राजनीतिक चरित्र गुमाएका छन् । परम्परागत इतिहास, ओज र गरिमाको चम्किलो रंगमा दाग लागेको छ । मुद्दाहरू ओझेलमा छन् । र, नेतृत्व छ चरम भोगलिप्सामा । यसलाई सुल्टाउने कसरी ? मार्क्सकै शब्दलाई सापटी लिएर भनौं- त्यसका लागि धेरै केही गर्नु पर्दैन, मात्र दलहरूले खुट्टाले टेकेर हिँडिदिए पुग्छ ।

थोरै इतिहासको आँखिझ्यालबाट चियाऔं । हाम्रो संसदीय राजनीतिको दुर्दशा मुख्यत: २०४९-५० सालदेखि सुरु भएको देखिन्छ । नेपाली कांग्रेस जब छत्तीसे र चौहत्तरेको गुटबन्दीमा फस्यो, त्यहींदेखि पतनको प्रारम्भ भयो । गिरिजाप्रसाद कोइरालाले पार्टीभित्रका झमेलाहरू समाधान गर्नुको साटो बहुमतको सरकार विघटन गरे । चुनाव त भयो, तर अस्थिरता चुनावसँगै मितेरी गाँसेर आयो । सुरु भयो गठबन्धनको सिलसिला । तर सबै असफल । असफल यो अर्थमा कि, न गठबन्धनले स्थायित्व र सुशासन दियो, न त उन्नत राजनीतिक संस्कृति र आशाको उज्यालो । किनभने प्रायश: गठबन्धनहरू राजनीतिक नैतिकता र निष्ठाका आधारमा नभई सत्ता र शक्तिको लोभमा गरिए । शनै:शनै: राजनीतिले गम्भीरता गुमाउँदै गयो । पार्टीमा विचारहरू गायब भए । मुद्दा हराए । आन्दोलन हरायो । संसद्को गरिमा र मूल्यमान्यता हरायो । र, यो सबैको बदलामा अंकगणित सर्वाधिक शक्तिशाली बनेर उपस्थित भयो । जब अंकगणित प्रभावशाली भयो, दलहरू फुट्न थाले । गुटहरू जन्मँदै गए । सांसदको लिलामी बढ्दै गयो । प्राडो, पजेरो, पुरुषलाई सुत्केरी भत्ता । आयाराम, गयाराम । मुसा प्रवृत्ति । संसदीय अभ्यास यसरी गिजोलियो कि को प्रतिपक्ष, को सत्तापक्ष ? स्वयं मन्त्री नै सरकारविरुद्ध आन्दोलनमा उत्रने । स्वयं मन्त्री नै अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने ।

भनिन्छ, संसदीय राजनीतिलाई गतिशील बनाउने चारवटा तत्त्व हुन्छन् । पहिलो, दलहरूको वैचारिक प्रस्टता; दोस्रो, स्वच्छ प्रतिस्पर्धा; तेस्रो, जनमतको स्वीकारोक्ति; र चौथो, संसदीय जिम्मेवारीप्रति सम्पूर्ण निष्ठा । तर हाम्रोमा भयो के ? न दलहरूको वैचारिक अडान बाँकी रह्यो, न त जनमतप्रतिको निष्ठा । राजनीति यति धेरै विकृत भयो कि अदालतलाई सरकारको जिम्मा लगाइयो । सांसद नै नभएका मान्छे मन्त्री बने । र, मन्त्री बन्नकै लागि दलहरू पटकपटक फुटे । योभन्दा ठूलो संसदीय तमासा अर्को के हुन्छ ?

यो समग्र परिस्थितिबाट प्रताडित मतदाताले यस पटक भने- यसरी हुँदैन, राजनीतिको 'कोर्स करेक्सन' गर्नैपर्छ । यो पटकको निर्वाचनमा मतदाताले दिएको गम्भीर राजनीतिक सन्देश यही हो । लोकतन्त्रमा निर्वाचनलाई राजनीतिको विश्वविद्यालय मानिन्छ । यसले राजनीति गर्नेहरूलाई सिकाउँछ पनि, पास गराउँछ पनि र फेल गराउँछ पनि । लोकतन्त्रमा निर्वाचन यस्तो सामूहिक शक्ति हो, जसले प्रत्येक राजनीतिक दलको ढोकामा चाल गर्छ । जसले चाल सुनेर ढोका खोल्यो, उसलाई समयले आफ्नो सन्देश सुनाउँछ । र, 'कोर्स करेक्सन' गर्न सघाउँछ । जसले ढोका खोल्न ढिलो गर्‍यो, ऊ पछाडि पर्छ । र, समय उसलाई छोडेर अर्कैको ढोकामा चाल मार्न पुगिसक्छ । यो अर्थमा भर्खरै सम्पन्न आम निर्वाचनले नेपाली राजनीतिलाई 'सत्ताको चोरबाटो छोड्न र राजनीति बदल्न' प्रस्ताव गरेको छ । मुख्यत: परम्परागत ठूला दलहरूलाई यसको आह्वान छ- या त आफूलाई परिवर्तन गर, अन्यथा समाप्त होऊ ।

बाँकी तेस्रो पृष्ठमा

# परिवर्तन संस्थागतमा चुकेका नेता

**डा. सञ्जीव हुमागाई**

हाम्रा राजनीतिक परिवर्तनहरूले सोचेको सुधारको गन्तव्यमा लैजान सकेका छैनन्। किन ? नेपालीहरू बधाईका पात्र हौं। ९ महिनामा तिनवटै तहको सफल निर्वाचन सम्पन्न गर्‍यौं। लोकतन्त्र व्यवस्थापनको क्षमता सबल रहेको पुष्टि गर्‍यौं।

निर्वाचित व्यवस्थापिकाको पूर्णकार्यकाल सम्पन्न भई निर्वाचनको विधिमार्फत अर्को व्यवस्थापिका र क्रमिक रूपमा कार्यपालिकामा शान्तिपूर्ण शक्ति हस्तान्तरण हुनुलाई लोकतन्त्र संस्थागतको प्रमुख प्रस्थान बिन्दु मानिन्छ। प्रतिनिधिसभा र प्रदेशसभामा नयाँ सदस्यहरूको आगमनले थप आशाका मुनाहरू पनि पलाएका छन्। तर, दु:खका साथ एउटा तितो यथार्थलाई यहाँ स्मरण गर्नु आवश्यक छ। धेरै पटक हाम्रा राजनीतिक परिवर्तनहरूले सोचेको सुधारको गन्तव्यमा लैजान सकेका छैनन्। किन?

जरुर काल-समय र व्यवस्थाअनुसार केही निश्चत फरक कारणहरू होलान्। तर, समग्रमा राजनीतिक परिवर्तन पश्चातको अस्पष्टता र अपूर्णतामा प्रमुख पात्रहरू नयाँ व्यवस्थाले माग गरेको विधि, प्रक्रिया, नैतिकतालाई आत्मसात गर्न सकेनन ।

पुरानै शैलीमा प्रस्तुत हुँदा समग्र व्यवस्था नै अनिर्णायक, अप्रभावकारी र गन्तव्यहीन हुने र जनतामा नैराश्यता सिर्जना गर्दै प्रत्येक व्यवस्थाहरू विसर्जन उन्मुख हुदै गए। त्यसैले अर्को ठूलो मूल्य चुकाउनभन्दा पहिला तत्काल हाम्रा अगाडी प्राथमिकतामा रहेका प्रश्नहरूको पहिचान र तिनिको परिधिका बारेमा खुला र सभ्य बहसको खाँचो छ ।

ताकी फेरि हामी अस्पष्टताको अधेरिमा धकेलिनु नपरोस्। यो आलेखले अविलम्ब सरुवात गरिनुपर्ने केही महत्पूर्ण मुद्दालाई परिमार्जनसहित पेस गरेको छ। सबैभन्दा प्रमुख र पेचिलो प्रश्न भनेको के लोकतन्त्रको संस्थानीकरण र आर्थिक विकास एकै पटक हासिल गर्न सकिन्छ? सकिन्छ भने त्यसको मोडेल के हो? हामी त्यसतर्फ उन्मुख छौं कि अन्तै? संसारका प्राय देशहरूले एक तहको आर्थिक विकास हासिल गरिसकेपश्चात् मात्र लोकतन्त्रलाई आत्मसात वा संस्थानीकरण गर्न सकेका छन्।

यो तथ्यलाई राजनीति शास्त्रका सिद्धान्तहरूले पनि प्रमाणित गरिसकेका छन्। सन् १९५० देखि राजनीतिशास्त्रको केन्द्रबिन्दुमा रहेको आधुनिकीकरणको सिद्धान्तको परिकल्पना नै त्यहीँ हो।

संसारका बिरलै देशहरू हामीले तय गरेका मार्गमा छन्। जनसंख्या कम भए पनि मंगोलियालाई एउटा नमुना उदाहरणका रूपमा लिन सकिन्छ। तसर्थ, आजको हाम्रो बहस आर्थिक, सामाजिक र राजनीतिक विकासलाई सँगसँगै टेवा पुर्‍याउने विधि, पद्धति, नीति, संरचना, संस्कारको निर्माणमा हुनुपर्छ। अझ प्रष्ट पार्ने हो भने हाम्रो बहस छोटो समयमा आर्थिक विकासपश्चात् लोकतन्त्रको अभ्यासमा पनि प्रगति हासिल गरेका मुलकहरूको पहिचान र तिनीहरूको अनुभवको सदुपयोगमा केन्द्रित हुनुपर्छ।

थप केही पुराना विषयहरू पनि छन्। यो व्यवस्था हाम्रो अन्तिम लक्ष्य होइन त्यसैले यसले प्रदान गर्न नसकेको सेवा र यसका समस्या प्रति हामी जिम्मेवार छैनौं भनिरहने तर शक्ति र सत्ताको तापमा लिप्त हुन पनि नछोड्ने गतिविधि पूर्णरूपमा निषेध गर्नुपर्छ।

दोस्रो विश्वयुद्ध पश्चातको चौथो गणराज्य फ्रान्सका प्रथम प्रधानमन्त्री चार्ल्स दुगोल बलियो राष्ट्रपतीय शासन व्यवस्थाको पक्षमा थिए र अन्य प्रमुख दलहरू तेस्रो गणराज्य फ्रान्सको जस्तै संसदीय व्यवस्थाको पक्षमा थिए। उनले आफ्ना सहकर्मीलाई सम्झाउने प्रयेत्न गरे तर सकेनन् । निर्वाचित भएको २ महिना मै सन् १९४६ को जनवरीमा प्रधानमन्त्रीबाट राजिनामा मात्रै गरेनन् ६ वर्षसम्म फ्रान्सको राजनीतिमा एकाधिकार जमाएका उनले राजनीतिबाट सन्यास नैं लिए र युद्धका सम्झनाहरूमा आधारित पुस्तक लेख्न थाले। विविध आन्तरिक तथा बाह्य संघर्षपश्चात् जब सन् १९५८मा फ्रान्सले अर्ध-राष्ट्रपतीय व्यवस्थालाई अवलम्बन गर्‍यो र त्यो व्यवस्था अर्थात् पाँचौं गणराज्य फ्रान्सका प्रथम राष्ट्रपतिका रूपमा उनको राजनीतिक पुनरागमन भयो। यदि वर्तमान नेतृत्वमध्ये कसैलाई साविकका व्यवस्था प्रतिअसन्तुष्टि छ भने त्यो स्तरको हिम्मत गर्नुपर्छ। व्यवस्थाभित्रका फाइदा सबै लिएर त्यसका नकरात्मक पक्षको जिम्मेवारीको नलिने राजनीतिक विचलनको अन्त्य हुनुपर्छ।

हाम्रो आजको सबैभन्दा जटिल समस्या के हो भने आज सञ्चालनमा रहेका तिनै व्यवस्था लोकतन्त्र, संघीयता र पुँजीवाद अभिभावकविहीन हुन पुगेका छन्। नेपालको लोकतन्त्र भनेको न्यूनतम प्रजातन्त्र जहाँ निर्वाचनको विधिबाट सरकार त निर्माण हुन्छ तर त्यसको निष्पक्षता र निर्वाचितहरूले स्वतन्त्र ढंगबाट कार्य सम्पादन गर्न सक्ने वातावरणको प्रत्याभूतिले पूर्णता पाएको हुँदैन र बहुलसंस्कृतिवादका सिद्धान्तहरूको समिश्रित स्वरूप हो। सैद्धान्तिक र व्यावहारिक रूपमा बहुलसंस्कृतिवादका सिद्धान्तहरू एउटा पूर्णलोकतन्त्रमा मात्र कार्यान्वयनमा आउन सक्दछन्।

लोकतन्त्र, संघीयता र पुँजीवाद अभिभावकविहीन हुन पुगेका छन्। जहाँ निर्वाचनको विधिबाट सरकार त निर्माण हुन्छ तर त्यसको निष्पक्षता र निर्वाचितहरूले स्वतन्त्र ढंगबाट कार्य सम्पादन गर्न सक्ने वातावरणको प्रत्याभूति गर्न सकेका छैनौ।

लोकतान्त्रिक विधिको सवलीकरणमार्फत नेपालको संविधान र राजनीतिक परिवर्तनको मर्म र उद्देश्य हासिल गर्ने अभियानको असल

बाँकी अन्तिम पृष्ठमा

## पढाकु...

विद्यार्थी र शिक्षक दुवैमा विविधता हुनुपर्छ ।
युरोपेली, अमेरिकी, चिनियाँ वा मणिपुरी विद्वान् र कलाकारका लागि काम गर्ने ठाउँ बनाउँदा बंगालले आफ्नो भाषा, संस्कृति, इतिहास र दर्शन गुमाउँछ भन्ने राष्ट्रवादी भ्रममा टैगोर थिएनन् । त्यसो त राष्ट्रवादका साँघुरोपनमाथि उनले सन् १९१७ मै गहकिलो बौद्धिक प्रहार गरिसकेका थिए । पूर्ण आत्मविश्वासका साथ ज्ञानका अन्य विविध स्रोतसँग बंगालको साइनो स्थापना गर्न सक्नुका पछिल्तिर टैगोर आफैंले लेखेको राष्ट्रवादको आलोचना पनि बलियो आधार बनेको हुनुपर्छ । अरूसँग भयभीत नभई, आफ्नो कथा भन्ने आत्मविश्वासी उद्यमकै कारण विश्वभारती सरकारी मान्यता नपाउँदा पनि प्रतिष्ठा कमाउन सफल बनेको थियो ।

विश्वभारतीको इतिहास पढिसकेको केही साताभित्र यस इतिहासकी लेखक स्वाती गाङ्गुलीलाई भेट्न म शान्ति निकेतनस्थित विश्वविद्यालयकै हाताभित्र रहेको उनको बासस्थान पुगें ।

अध्यापन र लेखनका अलावा सडकमा फेला परेका बिरामी कुकुरहरू स्याहार्न समय लगाइरहेकी गाङ्गुलीले टैगोरको विश्वविद्यालय-सपना कसरी राष्ट्रवादको साँघुरो वैचारिकीमा कैद हुन सक्दैन भनेर थप व्याख्या गरिन् ।

उनले भनिन्, 'अचेल चर्चा हुने मल्टीडिसिप्लिनेरी अप्रोच भनौं वा पेडागोजी अफ द अप्रेस्डजस्ता किताबका मजबुन भनौं, यस्ता चर्चा हुनुभन्दा धेरै पहिले शान्ति निकेतनमा यी अभ्यास गर्ने कोसिस भएका थिए ।' राष्ट्र र जातिका कैदखानाभन्दा अलि भिन्न विश्वको एउटा सानो प्रतिरूप यहाँ खडा गर्ने प्रयत्न भएको उनले दाबी गरिन् ।
मैले उनलाई सोधें, 'विश्वभारती आफैंमा टैगोरको गैरराष्ट्रवादी सोचको उपज थियो ? त्यसो हो भने, अहिले के भयो त ?' उनले केही बेर सोचेर जवाफ दिइन्, 'सायद त्यसो भन्न मिल्छ ।

कुनै राष्ट्रको महिमा गाउने, वा अर्को राष्ट्रको विरोध गर्ने संस्थाका रूपमा निर्माण गरिएको थिएन विश्वभारती । खासमा यो युनिभर्सिटीभन्दा पनि नलेज कम्युनिटी बनाउने कोसिस थियो । त्यसैले यो गैरराष्ट्रवादी कर्म नै हो ।'

समयक्रममा विश्वभारतीको त्यो ज्ञान-समुदाय बनाउने सपना खिइँदै गएको दुःखदायी इतिहासका केही मोड पनि उनले सुनाइन् । सन् १९६० पछिका दशकको कथा भने आफूले लेख्न नसक्ने बताइन् । त्यसो भन्दा उनको अनुहारमा उदासी र खिन्नता पोतिएको थियो ।

विश्वभारतीको इतिहास पढिसकेपछि प्राध्यापक मिश्रको माथि उद्धृत सूत्रबारे सोच्यो भने भन्न सकिन्छ- यो कसैले नगरेको, कहिल्यै नभएको र हुन नसक्ने काम होइन ।

बरु हिजोभन्दा आज बढी आवश्यक हो । रवीन्द्रनाथ टैगोरले जति दुःख नगरी विश्वविद्यालयलाई विश्वसँगको गतिलो संवाद गर्ने थलो बनाउन अब सम्भव छ ।

पढालेखा बेरोजगारको संख्या दिन-प्रतिदिन बढिरहेको सन्दर्भमा विदेशीलाई जागिर दिने सवाल आफैंमा विवादास्पद बन्न सक्छ । तर, प्राध्यापन, अनुसन्धान, लेखन र बौद्धिक अभ्यासलाई केवल जागिर खाने मेसो बनाउन खोज्नु कति समस्याग्रस्त छ भनेर बुझ्न पछिल्ला केही दशकका हाम्रै अनुभवहरू पर्याप्त हुन्नन् र ?

यो सूत्र अघि सार्नुभन्दा पहिले प्राध्यापक मिश्रले भनेका थिए, 'आफूले पढाउने कोर्स आफैं बनाउन सक्ने क्षमता भएका प्राध्यापकहरू हामीसँग कति पनि छैनन् । हामीलाई पढाकु प्राध्यापकको साह्रै ठूलो खाँचो छ ।' साभार : कान्तिपुर

## टाउकाले....

तर परिवर्तन कहाँबाट सुरु गर्ने ? राजनीतिको 'कोर्स करेक्सन' कहाँबाट थाल्ने ? स्पष्ट छ, अहिले क्रियाशील गठबन्धन वा तालमेलको विघटन यसको प्रस्थानविन्दु हो । किनभने हामीकहाँ मौलाउँदो राजनीतिक विकृतिको पहिलो र ऐतिहासिक कारण अप्राकृतिक गठबन्धन र अंकगणित हो ।

निश्चय नै पछिल्लो निर्वाचनमा जेजस्ता गठबन्धन वा तालमेलहरू भए, तिनबाट दलहरूको गणितीय सामर्थ्यमा फरक पर्‍यो होला ।

कसैलाई नाफा भयो होला, कसैलाई घाटा । तर त्यही कारण राजनीति विचार, मुद्दा र चरित्रबाट विमुख भयो ।

यसबाट न त कांग्रेसलाई कांग्रेस हुनुको अर्थ मिल्यो, न त कम्युनिस्टलाई कम्युनिस्ट हुनुको सान्दर्भिकता । दलहरूले आफ्नो पहिचान, जग र वैचारिक पक्षधरता गुमाएपछि तिनीहरूसँग बाँकी रहन्छ के ? भएको राजनीतिक पुँजी गुमाएर प्राप्त गर्ने सत्ताबाट देश र नागरिकले के पाउँछन् ?

यसर्थ नै अप्राकृतिक अंकगणितको खारेजी र विचारको सुदृढीकरण राजनीतिक परिवर्तनको पहिलो सर्त हो । अर्थात्, संसद्मा अप्राकृतिक जोडघटाउको अन्त्य र मुद्दाको पुनःस्थापना । त्यसपछि दलहरू सत्ताको सिंहासनबाट झरेर जनताको जीवनसँग जोडिन आउनेछन् । अन्यथा जब राजनीतिले विचार, मुद्दा र क्षमतालाई प्रतिस्पर्धाबाट निकालेर फाल्छ, तब निर्वाचन फगत अंकगणितको खेल बन्छ । यदि अंकगणित नै खेल्ने हो भने बहुदल किन चाहियो ? लोकतन्त्रको के अर्थ ? अप्राकृतिक अंकगणितले शासन गर्नुजति अराजनीतिक र उल्टो कुरा के हुन्छ ?

ठमठम हिँड

त्यसो भए के राजनीतिमा एकीकरण, ध्रुवीकरण, गठबन्धन वा साझेदारी हुँदैन ? अवश्य हुन्छ । राजनीतिमा जब विचारको जग सुदृढ गर्ने खण्ड आइपर्छ, दलहरूले एकता र ध्रुवीकरण गर्नैपर्ने हुन्छ । तर कस्तो गठबन्धन ?

प्राकृतिक । यहाँ प्राकृतिक गठबन्धन भनेको के हो ? भनिन्छ, राजनीतिमा वैचारिक पक्षधरता र मुद्दाहरूले दलको स्वरूप, चरित्र वा डीएनए निर्धारण गर्छन् ।

मुख्यतः सामाजिक-आर्थिक पक्षधरता र परिवर्तनप्रतिको दृष्टिकोणले दलहरूलाई एकअर्काबाट अलग पार्छ । यसैका आधारमा हामा दलहरूलाई एकअर्काबाट छुट्याउन वा मिलाउन सकिन्छ ।

जस्तो- मार्क्सवादीहरू एकातिर, पुँजीवादीहरू अर्कोतिर; समाजवादीहरू एकातिर, उदार प्रजातन्त्रवादीहरू अर्कोतिर; कम्युनिस्टहरू एकातिर, गैरकम्युनिस्टहरू अर्कोतिर । यो अर्थमा आजको स्पष्ट सन्देश हो- दलहरू अप्राकृतिक गठबन्धन विघटन गर र राजनीतिक प्रतिस्पर्धामा आऊ ।

अन्यथा, गठबन्धन नै गर्नुपरे प्राकृतिक गठबन्धन गर । तर सत्ताको खेलकुद बन्द गर । अर्थात्, राजनीतिलाई अंकगणितको आकाशबाट उतार र वैचारिक राजनीतिको मैदानमा उभ्याऊ ।
नेपालमा अहिले मूलतः ६ वटा राजनीतिक धारहरू क्रियाशील छन् । जस्तो- पहिलो धार हो उदार लोकतन्त्रवादी धार, जसको नेतृत्व मुख्यतः नेपाली कांग्रेसले गर्छ । दोस्रो, मार्क्सवादी समाजवादी धार । यो धारको नेतृत्व एमालेले गर्छ । यो धारभित्र आजको नेकपा माओवादी र एकीकृत समाजवादीसहित अन्य सानातिना संसद्वाही कम्युनिस्टहरू पनि अटाउँछन् । तेस्रो धार हो संघीयतावादी पहिचानवादी धार, जसभित्र छन् परम्परावादी मधेशवादी पार्टीहरू । चौथो धार उग्रवामपन्थी कम्युनिस्ट धार हो, जसले अझै पनि ग्रामीण किसान विद्रोह, सशस्त्र संघर्ष वा क्रान्तिमार्फत जनगणतन्त्र नेपाल बनाउने सपना देख्छ । पाँचौं, पुरातनवादी संवर्द्धनवादी धार हो जसभित्र राप्रपा लगायतका राजावादीहरू पर्छन् । यो धारले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताजस्ता राजनीतिक उपलब्धिहरूलाई इन्कार गर्छ । छैटौं धारमा छन् नयाँ, स्वतन्त्र र वैकल्पिक शक्तिहरू । यद्यपि नयाँहरूलाई पनि वैचारिक पक्षधरताका आधारमा लेफ्ट, राइट वा सेन्टर भन्न सकिन्छ ।

तथापि, पछिल्लो निर्वाचन परिणाम हेर्दा आजका दिनमा संसद्भित्र तीनवटा गठबन्धन बन्न सक्छन् । जस्तो- 'मध्यपन्थी, वामपन्थी र दक्षिणपन्थी' । यी तीनवटा गठबन्धनको राजनीति स्वाभाविक, प्राकृतिक र जवाफदेहीपूर्ण भयो भने मात्र हाम्रो संसदीय अभ्यासले काम गर्छ । त्यसो भयो भने मात्र हाम्रो राजनीति प्रतिस्पर्धात्मक हुन्छ । जब राजनीति प्रतिस्पर्धात्मक हुन्छ, तब यो गतिशील हुन्छ । त्यसो भयो भने, सरकारले पनि आफ्नो विचार, मुद्दा, कार्यक्रम र नीति अनुसार काम गर्न पाउँछ । र, प्रतिपक्षले पनी सरकारलाई वस्तुगत आलोचना र खबरदारी गर्न सक्छ । परिणामतः जब सरकार र प्रतिपक्ष स्वाभाविक लयमा फर्किन्छन्, संसद् पनि आफ्नो लयमा फर्किन्छ । आज हामीलाई चाहिएको जीवन्त संसद्, परिणाममुखी सरकार र आलोचनात्मक प्रतिपक्ष हो ।

तर त्यसका लागि अहिलेको गठबन्धन वा तालमेलले काम गर्दैन । किनभने यो अप्राकृतिक छ । अतः आजको प्रस्ताव हो- पुराना गठबन्धन वा तालमेलहरू भत्काऊ, नयाँ समीकरण बनाऊ । उदाहरणका लागि, गठबन्धन यस्तो बनोस् मानौं वामपन्थीहरूको सरकार बनोस्, लोकतन्त्रवादीहरू प्रतिपक्षमा बसून् । वा, लोकतन्त्रवादीहरूको सरकार होस् र वामपन्थीहरू प्रतिपक्षमा बसून् । अथवा यस्तो होस् कि निर्धक्क भन्न सकियोस्- नेपालमा लोकतन्त्रवादीहरूको सरकार छ, प्रतिपक्षमा छन् वामपन्थीहरू । अथवा भन्न सकियोस्- सरकार छ वामपन्थीहरूको, प्रतिपक्षमा छन् लोकतन्त्रवादीहरू ।

हाम्रो राजनीति, संसद् र सरकारलाई सुल्टो हिँडाउने आजको मूल बाटो यही हो । अन्यथा दक्षिणपन्थीहरूले वामपन्थी समाउनु, पुँजीवादीहरूले माओवादी समाउनु र गणतन्त्रवादीहरूले राजावादी समाउनु अर्को गल्ती हुन्छ ।

हुन्छ, पुरानै विकृतिको निरन्तरता । यो गाईजात्रा गरेर राजनीति फेरिन्छ कसरी ? यसरी जनमतको सम्मान हुन्छ कसरी ? यसरी राजनीतिमा बदलाव आउँछ कसरी ? विकृत राजनीतिलाई काँधमा बोकेर आउने पुस्तालाई समृद्धिको सपना देखाउनु मात्र भ्रम हो । भ्रम छोडौं र स्पष्ट बनौं, यो खुट्टाले टेकेर राजनीति गर्ने समय हो । टाउकाले टेकेर राजनीतिको शिखरयात्रा असम्भव छ ।सभार इकान्तिपुर

## २ नेपाली.....

त्यस लगत्तै इन्स्पेक्टर शर्माले सक्रियपूर्वक अनुसन्धान थाले । जयपुर प्रहरीसँगै विमानस्थलमा परिचालित सिआइएसएफ, दिल्लीस्थित नेपाली दूतावास र मिसन फाउण्डेशन नाम गैरसरकारी संस्थासँग सम्पर्क गरेर उनले उद्धार कामको थालनी गरे ।अनुसन्धानको क्रममा महिलाको फोटो, भिसा, हवाई टिकट, राहदानी प्रतिलिपि आदि सेयर गरिएको खुल्यो । एसएसपी उमा चतुर्वेदी, निर्देशक वीरेन्द्र सिंह र इन्स्पेक्टर मनोज कुमार शर्माले जयपुरका उच्च अधिकारीहरूलाई फोनमा सम्पर्क गरे । त्यतिबेला इन्स्पेक्टर शर्मा लखनउमा र एसएसपी उमा चतुर्वेदी दिल्लीमा थिए । इन्स्पेक्टर शर्माले पुनः सम्पर्क गरी महिलाको सम्भावित स्थानबारे जानकारी गराएपछि केही समयमै ती महिलालाई अर्को नेपाली महिलासहित सीआईएसएफको सतर्कता र जयपुर प्रहरीले उद्धार गरेको इन्स्पेक्टर शर्माले बताए । शर्माले महिलाका परिवारलाई जयपुर प्रहरी र शेल्टर होमसँग सम्पर्क गरी उनलाई घर पठाउने प्रक्रिया अघि बढाएका छन् ।

इन्स्पेक्टर शर्मासँगै एसएसपी उमा चतुर्वेदी, मिशन मुक्ति फाउन्डेशन, नेपाली दूतावास, सीआईएसएफ दिल्ली कन्ट्रोल रुमका इन्स्पेक्टर दिनेश, जयपुर पुलिसका इन्स्पेक्टर दिग्पाल बाईके मीना लगायतको सक्रियतामा ति महिलाको उद्धार सफल भएको हो । चार दिन अघि पनि इन्स्पेक्टर शर्माकै नेतृत्वमा २ जना नेपाली युवतीको उद्धार गरिएको थियो ।

## रोकिएको.........

महानगर क्षेत्रभित्र भौतिक योजना निर्माणको काम गर्नुपर्दा महानगरसँग समन्वय र पुर्व स्वीकृती लिएर मात्र योजना अगाडि बढाउन सिंहले निर्देशन दिनुभयो ।

बैठकमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, सघन शहरी विकास आयोजनाका प्रमुख झपट बहादुर थापा, सिचाई विकास डिभिजन वीरगंजका प्रमुख श्याम किशोर साफी, नारायणी सिचाई व्यवस्थापन कार्यालय वीरगंजका प्रतिनिधि अखलाक सिद्दिकी, पप्पु कन्स्ट्रक्सनका प्रतिनिधि बिजसवा अब्राहम, वडा अध्यक्ष रामकिशोर सिंह पराग, पुर्वाधार महाशाखा प्रमुख राजेश चौरसिया र भरत थापा लगाएतको सहभागिता रहेको थियो ।

## परिवर्तनका.....

रहेको पनि द्विवेदीले बताए ।
अस्पतालमा विरामी र सेवाग्राहीलाई सरल र सुविधा प्रभावकारी उपचार सेवा उपलब्ध गराउन पनि आग्रह गरिएको उनले जानकारी दिए ।
त्यस अवसरमा परिवर्तनको लागि राजनीति समूहका सलाउदिन अहमद, मुकेश द्विवेदी, तनवीर अन्सारी, शेख मुन्ना, सुजित गिरि, श्याम गुप्ता, सन्दीप साह, उमाशंकर गुप्ता, नन्दलाल रौनियारलगायतको उपस्थिति रहेको थियो ।

## समानुपातिकमा.....

सिटभन्दा धेरैको नाम सिफारिस गरेपछि पार्टीभित्र भाँडभैलो भएको छ ।
जसपाले मधेस प्रदेशमा समानुपातिकतर्फ ७ सिट जितेको छ । तर, पार्टीभित्र नाममा सहमति हुन नसकेपछि जसपाले १० जनाको नाम निर्वाचन आयोगमा सिफारिस गरेको थियो । जसपाको मधेस प्रदेशमा प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ ७ गरी कुल १६ सिट छ । समानुपातिकमा पाएको ७ सिटमध्ये ६ जना महिला र एक पुरुषको नाम सिफारिस गर्नुपर्ने हो । तर, जसपाले ७ महिला र ३ पुरुषको नाम निर्वाचन आयोगमा सिफारिस गरेको छ ।
जसपाले अल्पसंख्यकबाट मनिष सुमन, मुस्लिमबाट युसुफ अली र दलितबाट चन्देश्वर सदाको नाम सिफारिस गरेको छ । त्यसैरी, महिलातर्फ विन्दुकुमारी यादव, किरण कुमारी साह, शोभा देवी, सञ्जिला कुमारी यादव, ललिता दास, सैदा खातुन र ममता मण्डलको नाम सिफारिस गरेको छ ।
सात जनाको नाम सिफारिस गर्नु पर्नेमा १० जनाको नाम सिफारिस गरिएपछि जसपाभित्र भाँडभैलो भएको हो । जसपाका प्रवक्ता मनिष सुमनले पार्टीभित्र आकांक्षी बढी भएकाले कोटाभन्दा बढीको नाम सिफारिस भएको बताए ।
शिलापत्रसँग कुराकानी गर्दै प्रवक्ता सुमनले भने, 'समानुपातिक कोटामा सांसद बन्ने पार्टीभित्र ४२ जना अकांक्षी थिए । त्यसमध्ये १० जनाको नाम हामीले निर्वाचन आयोगमा पठायौं । अब आज पुनः छलफल गरेर फेरि ७ जनाको नाम मात्रै पठाउने तयारी भइरहेको छ ।'
समानुपातिक उम्मेदवारको नाम टुंगो लगाउन बिहान ११ बजे बैठक बोलाइएको उनले बताए । निर्वाचन आयोगले समानुपातिक उम्मेदवारको नाम सच्याउन निर्वाचन आयोगले आज अपराह्न ४ बजेसम्मको समयसीमा दलहरूलाई दिएको छ । शिलापत्रमा खबर छ।

## सत्ताका...

विरोध गरेका छन्। संविधानविद् विपिन अधिकारीले कानुनको प्रयोग गरेर स्थापित भइसकेको फौजदारी दायित्वलाई मिनाह गरिदिन भन्न नमिल्ने बताउछन् । तर यसको प्रयोजनमा भने आपतिजनक रहेको उनको भनाई छ । उनले भने सजाय भइसकेकोलाई माफी मुल्तवीको व्यवस्था राष्ट्रपतिबाट हुने गरेको छ तर राजनीतिको व्यवस्थापनका लागि गरिएको निर्णयलाई अड्डा अदालतले स्वीकार गर्दैन । अहिले अध्यादेश ल्याउनु अति नै हो ।' नयाँ निर्वाचन भएको र नयाँ सरकार बनिनसकेको अवस्थामा यस्तो निर्णय गर्न नमिल्ने पनि उनले बताए ।
वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले सत्ताको सौदाबाजीमा सरकारले असंवैधानिक काम गर्न लागेको टिप्पणी गरे । 'संसद्सहित सरकारको कार्यकाल सिद्धिएर नयाँ संसद्को निर्वाचन भइसकेपछि नियमित अधिवेशन बोलाएर विधेयक ल्याउनुपर्नेमा संक्रमणकालीन सरकारले ल्याउन लागेको अध्यादेशको वैधता हुँदैन,' उनले भने, 'संविधानतः तत्काल नगरी नहुने विषयमा मात्रै अध्यादेश जारी हुन सक्दछ, यो तत्काल नगरी नहुने विषय होइन, यो असंवैधानिक छ ।'
जेलमा रहेका रेशमको मुद्दालाई सत्ताका लागि यसअघि पनि प्रयोग गरिएको थियो। थरुहट थारुवान संयुक्त संघर्ष समिति र तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारबीच १८ जेठ २०७८ मा ६ बुँदे सहमति भएको थियो । सहमतिको पहिलो बुँदामा थरुहट थारूवान आन्दोलनका क्रममा टीकापुरमा भएको दुःखद घटनामा आरोपित थारू कल्याणकारिणी सभाका सभापति धनीराम चौधरी, रेशमलाल चौधरी र लक्ष्मण चौधरीलगायतमाथि लगाइएको सम्पूर्ण मुद्दा फिर्ता गर्ने र रिहाइका लागि संविधान र कानुनसम्मत पहल गर्ने उल्लेख थियो । यही सम्झौताका आधारमा राजेन्द्र महतो नेतृत्वको समूह ओली सरकारमा सहभागी भएको थियो ।अहिलेको कदमको भने एमालेले विरोध गरेको छ । उपमहासचिव प्रदीप ज्ञवालीले अध्यादेश ल्याउने सरकारी निर्णय गैरकानुनी, अनैतिक र अनुचित रहेको बताए । 'सत्ताको सौदाबाजीले भरखरै प्राप्त नयाँ जनादेशको अपमान भएको छ, यसमा एमाले घोर आपत्ति व्यक्त गर्दछ' उनले भने ।नागरिक उन्मुक्ति पार्टीका प्रवक्ता दामोदर पण्डितले भने सरकारको निर्णयले लामो समयदेखि बन्धक रहेको न्याय फुकुवा हुने शुभसंकेत मिलेको प्रतिक्रिया दिए । 'सरकारको निर्णयबाट हामी अत्यन्त खुसी छौं, नागरिक उन्मुक्ति पार्टी यसको स्वागत गर्दछ,' उनले भने, 'हाम्रो लामो समयदेखिको माग बल्ल सुनुवाइ हुन थालेको छ ।'
सरकारले स्वेच्छाचारी रूपमा मुद्दा फिर्ता लिन नसक्ने गरी सर्वोच्च अदालतले नजिर प्रतिपादन गरिसकेको छ । मुद्दा फिर्ताविरुद्ध परेका विभिन्न सात रिटको सुनुवाइ गरी २०७२ पुसमा सर्वोच्च अदालतको संवैधानिक इजलासले भनेको थियो, 'मुद्दा फिर्ता लिने मन्त्रिपरिषद्को निर्णय संविधान, प्रचलित कानुन, अदालतले प्रतिपादन गरेको नजिर र मन्त्रिपरिषद्ले बनाएको आफ्नै मापदण्ड अनुरूप नभई दलको सिफारिसमा नितान्त राजनीतिक आधारमा स्वेच्छाचारी र भेदभावपूर्ण भएकाले खारेज हुन्छ ।'
एकातर्फ सत्ताका लागि संसद्को बहुमत पुर्‍याउने सरकारले मुद्दा फिर्ताको प्रक्रिया सुरु गरेको छ भने अर्कोतर्फ टीकापुरसहित मधेस आन्दोलनका क्रममा भएका घटनाको सत्यतथ्य पत्ता लगाउन पूर्वन्यायाधीश गिरीशचन्द्र लाल नेतृत्वमा गठित उच्चस्तरीय आयोगको प्रतिवेदन भने अझै सार्वजनिक गरिएको छैन । २०७३ साउन २१ मा गठित आयोगले १४ महिना लगाएर प्रतिवेदन तयार पारी २०७४ मंसिर २९ मा प्रधानमन्त्री देउवालाई बुझाएको थियो ।
प्रधानमन्त्री कार्यालयले २०७४ पुस १३ मा गृहमन्त्रालयमा पठाएको प्रतिवेदन अहिलेसम्म गोप्य राखिएको छ । प्रतिवेदन बुझेको करिब ५ वर्षपछि उनै देउवा अहिले प्रधानमन्त्रीको कुर्सीमा छन् । तर, सत्यतथ्य सार्वजनिक गर्नुको सट्टा विधि मिचेर मुद्दा फिर्ता लिने बाटोमा लागेका छन् ।
आयोगले २०७२ साउनबाट करिब ६ महिना चलेको मधेस आन्दोलनका क्रममा भएका हिंसा, राज्य र आन्दोलनकारी दुवै पक्षबाट भएका ज्यादती समेटेर प्रतिवेदन तयार पारेको थियो। टीकापुर घटनामा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात सुरक्षाकर्मीको ज्यान गएको थियो ।
घटनामा १८ महिने बालकसमेत मारिएका थिए । बालकको मृत्यु 'प्रहरीको गोली लागेर भएको' प्रतिवेदनमा उल्लेख छ । तर, प्रहरी अनुसन्धानमा बालक आन्दोलनकारीबाट मारिएको भनिएको थियो । आन्दोलन दबाउन सरकारी पक्षले ज्यादती गरेको तथ्य प्रतिवेदनमा प्रस्तुत भएकाले सार्वजनिक नगरिएको सरकारी स्रोत बताउँछ ।
टीकापुरलगायत तराई-मधेसका विभिन्न स्थानमा आन्दोलनविरुद्ध घुसपैठ र प्रतिकार समूह खडा हुँदा प्रहरी र स्थानीय प्रशासन मूकदर्शक बनेको प्रतिवेदनको निष्कर्ष छ । 'आन्दोलन विरोधीहरूद्वारा प्रहरी र प्रशासनको संरक्षणमा समेत ठाउँ-ठाउँमा आगजनी, तोडफोड र लुटपाटका घटना भएका छन्, प्रमुख उदाहरणका रूपमा कैलाली टीकापुरको घटना/दुर्घटनालाई लिन सकिन्छ,' प्रतिवेदनमा भनिएको छ । थरुहट आन्दोलनमा सहभागी जनतालाई दुःख दिन प्रशासनले लगाएको निषेधाज्ञामा समेत जानीजानी तोडफोड र लुटपाट गर्न दिने प्रहरी एवं प्रशासनका अधिकृतहरूले आफ्नो जिम्मेवारी निर्वाह नगरेको देखिएको प्रतिवेदनको छ। 'ती अधिकारहरू तथा अपराध गर्ने/गराउने अन्य व्यक्तिहरूमाथि समेत अनुसन्धान गरी आवश्यक कारबाही गरिनुपर्छ,' भनिएको छ ।
साभार कान्तिपुर

# सत्ताका स्वार्थका लागि मुद्दा फिर्ता गर्ने सौदाबाजी ।




टीकापुर घटनामा जेल सजाय भोगिरहेका नागरिक उन्मुक्ति पार्टीका 'संरक्षक' रेशम चौधरी र मधेसमा पकड़ बनाउँदै गरेका सीके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताको मुद्दा फिर्ता गर्न सहज हुने गरी सरकारले अध्यादेश ल्याउन लागेको छ । चौधरी र राउतका कार्यकर्तामाथि अन्याय भएको निष्कर्षमा होइन, सरकार गठनका लागि बहुमत पुयाउने उद्देश्यले कानुन संशोधन गर्न खोजिएको हो ।

रेशम चौधरी, सीके राउत र नेत्रविक्रम चन्दका कार्यकर्तामाथि अदालतमा विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने गरी अध्यादेश ल्याउने मन्त्रिपरिषद्को निर्णय

टीकापुर घटनामा रेशम निर्दोष हुन् भनेर सरकार र अहिले सत्तामा भएका राजनीतिक दलले वकालत गरेका छैनन् । १७ महिनाअघि गठन भएको वर्तमान सरकारले पनि मुद्दा फिर्ता लिने विषयमा कुनै नीति बनाएको थिएन ।

तर, निर्वाचन सम्पन्न भएर नयाँ सरकार बनाउन सांसदको जोडघटाउ भइरहेका बेला बहुमत जुटाउने प्रयोजनका लागि मात्र कानुन संशोधन गर्न लागिएको हो ।

टीकापुर घटनामा मुछिएका र अहिले जेल सजाय भोग्दै गरेका रेशम चौधरीसहित सात जनाको मुद्दा सर्वोच्चमा विचाराधीन छ । फौजदारी कार्यविधि ( संहिता) ले जिल्ला अदालतमा विचाराधीन मुद्दा मात्रै सरकारले फिर्ता लिन सक्ने व्यवस्था गरेको छ ।

सरकारले फौजदारी कार्यविधि (संहिता)लाई संशोधन गरेर 'जुनसुकै अदालतमा विचाराधीन रहेका मुद्दा पनि फिर्ता लिन सक्ने गरी कानुनी व्यवस्था गर्न लागेको हो ।कार्यविधि ( संहिता) संशोधनको प्रस्ताव मन्त्रिपरिषद्ले आइतबार पास गरेको छ भने सोमबार राष्ट्रपतिसमक्ष पेस गर्ने तयारी रहेको एक मन्त्रीको भनाइ छ ।

जेलमा रहेका कार्यकर्तामाथि अन्याय भएको निष्कर्षमा होइन, राउतसँग भएका ६ र चौधरीसँग रहेका ४ सांसद तानेर बहुमत पुयाउन कानुन संशोधनको खेल राजनीतिक हिंसाका कारण लागेका मुद्दा जुनसुकै चरणमा रहेको भए पनि सरकारसंग भएको सम्झौताका आधारमा फिर्ता लिन सकिने गरी कानुन संशोधन गर्न अध्यादेश जारी गर्ने निर्णय भएको छ, बैठकले पत्रको भाषा मिलाउन मुख्यसचिवलाई जिम्मेवारी दिएको छ' उनले भने । संविधान निर्माणका क्रममा मधेस र थरुहटका मुद्दा सम्बोधन नभएको भन्दै सुरु भएको आन्दोलन हिंसात्मक हुँदा ७ फागुन २०७२ मा टीकापुर घटना भएको थियो, जसमा सात प्रहरी र एक बालकको मृत्यु भएको थियो । घटनाको अर्को दिन थारूहरूका घर जलाइएका थिए भने ५८ जनामाथि मुद्दा चलाइएको थियो ।

मुद्दा चलाइएकामध्ये ३१ जना अहिले पनि फरार छन् । बाँकी २७ जनामध्ये कैलाली जिल्ला अदालत र उच्च अदालत दिपायलबाट सजाय सुनाइएका ७ जना अहिले जेलमा छन्। रेशमसहित ६ जनाले जन्मकैद र एक जनाले १० वर्षको सजाय भोगिरहेका छन् ।

टीकापुरसहित मधेस आन्दोलनका क्रममा भएका घटनाको सत्यतथ्य पत्ता लगाउन पूर्वन्यायाधीश गिरीशचन्द्र लाल नेतृत्वमा गठित उच्चस्तरीय आयोगको प्रतिवेदन भने अझै सार्वजनिक गरिएको छैन

जिल्ला अदालतले तीन वर्षको सजाय तोकेकामध्ये एक जना ( लक्ष्मण थारू) लाई उच्च अदालतले जन्मकैद हुने फैसला सुनाएको छ । उच्च अदालतको आदेश आउनुअघि नै जिल्ला अदालतले तोकेको तीन 'वर्षको सजाय पूरा गरेका उनी जेलमा छैनन् । रेशमसहित सातै जनाले सर्वोच्चमा पुनरावेदन गरेका छन्, मुद्दा विचाराधीन छ । थारूहरूमाथि राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाइएको भन्दै यो समुदायमा रोष छ । परिणामत: २०७४ मा रेशम कैलालीबाट भारी मतान्तरले विजयी भएका थिए। तर, पहिले फरार र पछि जेलमा रहेकाले निलम्बित अवस्थामै उनको कार्यकाल सकियो । यसपालि त उनले नागरिक उन्मुक्ति पाटी गठन गराएर उम्मेदवार उतारेका थिए । पार्टीले प्रत्यक्षतर्फ कैलाली-१, २ र ३ गरी तीन सिट जितेको छ । त्यस्तै बर्दिया २ बाट 'रेशमका बुबा लालवीर पनि स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भएका छन् । यसरी रेशमलाई फकाएर चार सिट जुटाउने योजनासहित कानुन संशोधन गर्न लागिएको हो ।

सरकारको योजनाअनुसार अध्यादेश आएमा सीके राउत नेतृत्वको जनमत पार्टी र नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका कार्यकर्तालाई समेत राहत हुनेछ । चन्द नेतृत्वको पार्टी चुनावमा गएन । तर, राउत नेतृत्वको जनमत पार्टीले प्रत्यक्षमा एकसहित ६ सिट जितेको छ ।पाँचदलीय सत्ता गठबन्धन १ सय ३६ स्थानमा मात्रै विजय भएको छ, जुन २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि दुई सांसद अपुग हो । निर्वाचनबाट बहुमत ल्याउन असफल गठबन्धनले कानुनी दाउपेच प्रयोग गरेर थप १० सिट जुटाउन लागेको छ ।

निर्वाचनको पूर्ण परिणाम नआउँदै प्रधानमन्त्री शेरबहादुर देउवाले राउतलाई बालुवाटार बोलाएर सत्ता गठबन्धनमा सहभागी हुन सहमत गराइसकेका छन् । कांग्रेसको १४ औं महाधिवेशनमा सभापतिमा प्रतिस्पर्धा गरेका विमलेन्द्र निधिले मंसिर १५ मा राउतलाई बालुवाटार लगेर प्रधानमन्त्री देउवासँग भेट गराएका थिए ।

त्यस अघि मंसिरमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल र १४ मंसिरमा एकीकृत समाजवादी माधवकुमार नेपालले दिल्लीबजार कारागार पुगेर रेशमलाई भेटेका थिए। दुवै नेताले नयाँ सरकारमा नागरिक उन्मुक्ति पार्टीको सहभागिताका लागि प्रस्ताव राखेका थिए। रेशमको सर्तअनुसार कानून संशोधन गर्न लागिएको हो । मन्त्रिपरिषद् स्रोतका अनुसार अध्यादेश विवादित हुने आकलन भए पनि प्रधानमन्त्री देउवाले राजनीतिक कार्डका रूपमा यो कदम उठाएका हुन् । यो विषय सार्वजनिक विरोधको मुद्दा राष्ट्रपतिले यो अध्यादेश रोक्ने सम्भावना पनि छ त्यसले मन्त्रिपरिषद्को निर्णय सत्ताको अभ्यास हुने जोखिम छ भनेर हामीले प्रधानमन्त्रीलाई सचेत गराएका हो, मन्त्रिपरिषद्का एक सदस्यले भने, 'यो अध्यादेश ल्याउने हो भने सरकार ने बन्दैन । जुनसुकै मूल्यमा पनि कानुन ल्याउने हो भनेर उहाँ दिनुभयो।' आइतबारको मन्त्रिपरिषद् बैठकमा समेत सहभागी ती मीका अनुसार अध्यादेश एक पटकका लागि मात्र लागू हुने गरी ल्याउन लागिएको हो। उनले भने अहिले मेलमा रहेका राजनीतिमा आबद्ध कैदीबन्दीहरुको सरोकार सम्बोधन गरेर अध्यादेश ल्याउन लागिएको उनीहरु छुटेपछि कानून सिधै निरस्त हुनेछ ।

'नयाँ संसद्को निर्वाचन भइसकेपछि नियमित अधिवेशन बोलाएर विधेयक ल्याउनुपर्नेमा संक्रमणकालीन सरकारले ल्याउन लागेको अध्यादेशको वैधता हुँदैन रेशम वा राउतका कार्यकर्ता जेलमुक्त गर्नुपर्ने कानुनी तथा राजनीतिक आधार र कारण भएमा विधिसम्मत मुदा फिर्ता लिनुपर्नेमा यो मुदालाई सत्ताको लागि प्रयोग गरिएको भन्दै संविधानविद्धहरुले

***बाँकी तेश्रो पृष्ठमा***

## परिवर्तन.......

नेतृत्वकर्ता म हु भन्ने दल वा नेता खोज्न दिउँसै टुकी बाल्नुपर्ने अवस्था सिर्जना भएको छ ।

जुन दुखद् मात्रै छैन फेरि एक पटक दुर्घटनोन्मुख पनि छ। संघीय तथा प्रादेशिक व्यवस्थापिका, गाउँ तथा नगरपरिषद्को भूमिकालाई खुम्च्याउँदै कार्यकारी पदमा बसेका १-२ महापुरुषहरूसँग सबै समस्याहरूको समाधान छन् भन्ने साध्य स्थापित गर्न नयाँ र पुराना सबै खाले राजनीतिक दल र समूहहरूको साँठगाँठ हुनु र तिनीहरूका दल वा समूहभित्रको अन्तरिक लोकतन्त्रको कन्तबिजोग त्यसको ठोस प्रमाण हो। यहाँ प्रश्न गर्नै पर्छ: के अलोकतान्त्रिक शक्तिले लोकतन्त्रलाई हाक्न सक्दछन्? अग्रगमनको आधारशीला नै कमजोर छ भने त्यहाँ व्यक्तिको परिवर्तनले के भिन्नता निर्माण गर्न सक्छ? जबसम्म अहिले शक्तिमा रहेकाहरू आफै लोकतान्त्रिक हुन सक्दैनन् र लोकतन्त्रको विधिबाट हाम्रा आँखा अगाडि रहेका तमाम समस्याहरूको समाधान खोज्न सक्दछौं भन्ने आम विश्वासको वातावरण सिर्जना गर्न सक्दैनन् हाम्रो हविगतमा तात्विक परिवर्तन आउने छैन।

संघीयताको विषय झन् जटिल छ। संघीयताका समर्थक र विरोधीलाई अहिलेको संघीयता कत्ति पनि चित्त बुझेको छैन।

पहिलो पक्षको बुझाईमा वर्तमान संघीयतले पहिचानको मुद्दालाई पूर्णरूपमा सम्बोधन गर्न सकेको छैन। उनीहरूसँग संघको सरकार र सदनले संघीयताको कार्यान्वयनमा देखाएको नैराश्यता प्रतितमा गुनासा छन्। संघीयताको औचित्यतामाथि प्रश्न गर्नेहरूको सबैभन्दा ठूलो चासो प्रदेशको सञ्चालनमा बढ्दो प्रशानिक खर्चमा छ। तर, दुवैको बहस अपूर्ण छन्। नेपालमा लोकतन्त्रसहितको संघियताको आवश्यकताका प्रष्ट आधारहरू थिए र छन् पनि। राजतन्त्र र प्रजातन्त्रको युगमा राज्यका सबै अंगहरू चलायमान थिएनन्। देश झन्डै प्यारालाइसिसको बिरामी जस्तै थियो। काठमाडौंमा बसेर बनाएको नीतिले कर्णाली विकसित हुँदैन भन्ने भाष्य बहुप्रचलित थियो त्यस समय। विकेन्द्रीकरणको अभ्यासले पनि त्यसमा ठोस परिवर्तन ल्याउन सकेको थिएन। तसर्थ, केन्द्रका नीति तथा कार्यक्रममा निगरानी मात्रै होइन थप नीति, नियम र कार्यक्रम सँगसँगै त्यसलाई कार्यान्वयनमा लैजाने तल्लो तहको सरकारको क्षमता विकासमा केन्द्रित हुने बीचको व्यवस्थापिका र कार्यपालिका खाँचो थियो। जसमार्फत राज्यका सेवा प्रदान गर्ने सबै निकायहरूलाई फुर्तिला, चलायमान र प्रभावकारी बनाउन सकियोस्। प्रभावकारीताका दुई आयामहरू महत्वपूर्ण छन्। पहिलो पहिचानमा आधारित समावेशी नीति तथा कार्यक्रममार्फत समाजमा विद्यमान असमानता र विभेदको निराकारण। दोस्रो, संघियता अगाडिको नेपालमा अधिकतम राजस्व बागमती अञ्चल वरिपरी उठ्थ्यो र त्यहीँ वरिपरि खर्च हुन्थ्यो। देश जटिल आर्थिक विभेद उन्मुख थियो। आफ्नो क्षेत्रको लागि उपयुक्त आर्थिक नीति र संरचना मार्फत पर्याप्त राजस्वको स्रोत सामूहिक रूपमा (प्रदेश सभा, प्रदेश समन्वय परिषद् आदि) सिर्जना र व्यवस्थापन गर्दै समावेशी राष्ट्रिय विकासको लागि प्रदेशको परिकल्पना भएको थियो। के संघियतालाई अपूर्ण देख्ने र संघीयतालाई बेकार देख्नेहरूसँग यो प्रभावकारिताका विकल्पहरू छन्? साथै हिजोको केन्द्रीय सरकारको नीतिगत विभेद र अकर्मण्यताको के-कस्ता विकल्पहरू छन्? यदि एउटा सानो आकारको प्रदेश सरकार चलाउँदा त आफ्नो संचालनको लागि आवश्यक राजस्व वृद्धि गर्ने क्षमता हामीले राख्दैनौं भने कल्याणकारी केन्द्रीय राज्य सञ्चालन गर्ने क्षमता हामीसँग छ भन्ने आधारहरू के हुन्?

असल नीतिका बाबजुद पनि प्रभावकारितामा अनेक अल्झन झेलिरहेका स्थानीय सरकारको क्षेमता अभिवृद्धिका उपाय कौशलहरू के-के छन्? यिनै प्रश्नहरूसँग जोडिएर आउने अर्को एउटा मार्मिक प्रश्न छ। राज्य शक्तिको रापताप वरिपरि रहेका नेता, कर्मचारी, बुद्धिजीवी, अभियान्ता सबै काठमाडौं खाल्डो वरिपरि बसेर समृद्ध नेपाल निर्माण हुन्छ भन्ने आधारहरू के हुन्? जब हामीसँग यी प्रश्नहरू उत्तरहरू हुन्छन् तब हामी वर्तमान संघीयताको निरन्तरता वा परिमार्जनको बहस सुरु गर्न सक्दछौं।

पुँजीवादको प्रश्न थप पेचिलो छ। नेपालको इतिहासमा सत्तामा रहेको कुनै पनि शक्ति राजा, कांग्रेस र कम्युनिष्ट कसैले पनि आफूलाई पुँजीवादको पक्षधर भनेर वकालत गरेका छैनन्। यसै दौरानमा हामी पुँजीवादी अर्थतन्त्र मात्रै होइन पुँजीवादी समाजमा नै रूपान्तरित भइसकेका छौं। तर, पुँजीवाद व्यवस्थापनको बहसले कहिल्यै प्राथमिकता प्राप्त गर्न सकेन। किनभने हामी पुँजीवादी होइनौंभन्दा राजनीति गर्न सहज भयो। पुँजीवादी व्यवस्थाले राज्यको पूर्ण अनुगमन र नियन्त्रणमा मात्र यसले सोचेको नतिजा दिन सक्छ भन्ने ज्वलन्त उदाहरणहरू हुन् पूर्वी एसियाका देशहरू। जबसम्म निष्पक्ष कारोवारको वातावरण प्रत्याभूत हुँदैन कसरी बढ्छ लगानी, कसरी बढ्छ रोजगारी, कसरी बढ्छ राजस्व, कसरी बन्छ विश्वासको वातावरण?

एउटा बिरामी निको हुन् धेरै विषयहरूको तादम्यता आवश्यक हुन्छ। डाक्टरले रोगको सही पहिचान र रोग अनुसारको औषधि दिन सक्नुपऱ्यो। बिरामीले डाक्टर सल्लाह अनुरूप औषधि खानुपऱ्यो, खानपानमा ख्याल गर्नुपऱ्यो। झन् छिटो निको हुन त डाक्टर बस्ने अस्पताल र बिरामी बस्ने घरको वातावरण बिरामी मैत्री हुनुपऱ्यो। देश बनाउने विषय पनि त्यस्तै हुन्छ। जसरी डाक्टर, औषधि वा बिरामीको बानि एउटामा केन्द्रित भई गरिने बहस अपूर्ण हुन्छ त्यसरी नै राज्य निर्माण गर्ने बहस र देशको सामाजिक, आर्थिक र राजीनिक विकासको बहस पनि कतै एउटा मुद्दामा मात्र केन्द्रित हुनुहुँदैन ।

अथक प्रयासका बाबजुद हाम्रो सदनले हिजो त्यो भूमिका निर्वाह गर्न सकेन। शुभकामना छ संघीय सदनलाई देशको सर्वांगीण विकासको बारेमा बहस गर्ने साझा चौतारी बनोस्। निर्वाचित सासंदहरूलाई त्यो पुण्य कर्मको कर्तव्यबोध होस्। **साभार अन्नपूर्णपोष्ट्**




# टिकापुर घटना राज्यसत्ताले चलाखीपुर्ण रुपमा घटाएको घटना हो : मानवअधिकारकर्मी अन्सारी

**वीरगञ्ज, २६ मंसिर ।** राष्ट्रिय मानवअधिकार आयोगकी पूर्व आयुक्त मोहना अन्सारीले टिकापुर घटनाको एकोहरो योजनाकार रेशम चौधरी हुन् भन्ने भाष्य निर्माण गरिएको आरोप लगाएकी छन् । घटनाको दिन चौधरी टिकापुरमा नरहेको बताउँदै सो घटना राज्यसत्तामा भएकाहरूको चलाखीपुर्ण रूपमा घटाइएको दाबी समेत गरेकी छन् ।लाल आयोगले छानबिन गरेर तयार पारेको प्रतिवेदन सार्वजनिक नगरेर राज्यसत्ताले जनतालाई अँध्यारोमा राखेको उनको भनाइ छ । थारु र पहाडीबीच खडा गरिएको सदाको खाडल पुर्न राज्य हच्किरहेको उनले बताएकी छन् ।सामाजिक सञ्जालमा उनले लेखेकी छन:टिकापुर घटना राज्यसत्तामा भएकाहरूको चलाखीपुर्ण रूपमा घटाइएको घटना थियो । त्यो घटना राज्यसत्ताबाट घटाइएको थिएन भने लाल आयोगले मेहनत साथ छानबिन गरेर तयार पारेको प्रतिवेदन सार्वजनिक गरेर जनतालाई अँध्यारोमा राख्ने र थारु र पहाडीबीच खडा गरिएको सदाको खाडल पुर्न राज्य किन हच्की रहेको छ? आम जनताको बुझाइमा रेशम चौधरी टिकापुर घट्नाको एकोहरो योजनाकार हो भन्ने भाष्य निर्माण गरिएको छ । थारुहरू आन्दोलित थिए, घट्नाको दिन रेशम चौधरी टिकापुरमा छैनन् तिनी घट्नाको केही दिन अघि नेपालगन्जबाट काठमाडौं उडिसकेका थिए । तिनलाई एपीएफको गाडीले नेपालगन्ज एयरपोर्टसम्म पुऱ्याएको थियो ।रेशमको पत्नी काखको छोरी र बुवा रातभरि मकै बारी लुकेर ज्यान जोगाई देऊ भनेर गुहार माग्दै थिए र मकै बारीबाट फूलबारी एफएम रिसोर्ट जलेको हेरिरहेका थिए ? आफ्नै सन्तानलाई जोगाउन नसक्ने अवस्थामा रहेको रेशम चौधरीले घटना घटायो भन्ने समाचार यत्रतत्र फैलिसकेको थियो ।

मारिनु भएका उच्च प्रहरी अधिकारी एवं प्रहरी जवानहरू किन एक्लिए? त्यहाँ नजिकै सुरक्षाकर्मीहरूको ठुलै दस्ता थियो तर प्रहरी कमान्डमा निहत्था टोली किन खटाइयो? सुरक्षा बैठकमा सिडिओ, सेना, एपीएफ, नेपाल प्रहरी र गुप्तचरका अधिकारीहरू बस्छन् के का लागि हुन्छ यस्ता सुरक्षा बैठक?

के सुरक्षाको कारणले संवेदनशील मानिएको ठाउँमा हतियारविहीन निहत्था टोलीको नेतृत्व गर्न उच्च प्रहरी खटाउन कसको निर्देशन थियो? जनतालाई जवाफ कसले दिन्छ??

सानो बालक मारिएको बुलेटका गोली र वरिपरि रहेका गोलीका खोका कसका थिए? ब्यालेष्टिक टेस्टका आधारमा आरोपित बनाउने हो न कि भनेको सुनेको'.थारुहरूको स्वर मध्यम छ भनेर सधैं उच्च वर्गले आजीवन आरोपित बनाएर अपराधी करार गर्न पाउने जन्मजात प्रमाणपत्र लिएर बसेको राज्यसत्ता र तिनका प्रोत्साहनकर्ताहरुले एकोहरो बोलिरहने र पत्याइरहने किन र के का लागि??अध्यादेश राजनीतिक ईच्छा पूरा गर्न पटक पटक ल्याइयो र आउने दिनमा पनि सरकारको नेतृत्व गर्ने दलले ल्याउने नै छ। तर के टिकापुरको घाउ पुर्नु पर्दैन के जसले सद्भावका लागि उच्च स्वरमा बोल्छ त्यसले टिकापुरको प्रतिवेदन सार्वजनिक गर किन भन्न सक्दैन । हामी किन यो फाटोलाई लम्ब्याउँदै छौं किन..?

थारुहरूलाई किन सदा झैं अपराधी को पगरी गुथ्दै छौ ? किन र कसरी कुनै एक समुदायको सिर निहुरिदा राज्यको सिर कसरी उठ्छ ?? अध्यादेश को राजनीतिले कसैको भलो गर्दैन सदाको समाधान तर्फ सोच्न पर्छ ।